August 15th, 2025 Friday

प्रमुख समाचार

- देशभर आज ७९औं स्वतन्त्रता दिवस भव्य रूपमा पालन
- प्रधानमन्त्री नरेन्द्र मोदीले आत्मनिर्भर भारतका लागि धेरै कार्यक्रमहरूको गर्नुभयो घोषणा
- आणविक खतराहरू सहन नगर्ने प्रधानमन्त्रीको चेतावनी
- विदेशमा रहेका भारतीय दूतावासहरूमा पनि उत्साहका साथ स्वतन्त्रता दिवस पालन
- अनि किश्तवारमा बादल फाटेर आएको बाढीमा परी अहिलेसम्म ४५ जनाको मृत्यु, राहत र उद्धार कार्य जारी

## Independence Day

देशले आज आफ्नो ७९ औं स्वतन्त्रता दिवस मनाउँदैछ। प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवस समारोहको नेतृत्व गर्दै दिल्लीको प्रतिष्ठित लाल किल्लामा राष्ट्रिय झण्डा फहराउनुभयो। लाल किल्लाबाट राष्ट्रलाई सम्बोधन गर्दै श्री मोदीले अपरेशन सिन्दूरका बहादुर सिपाहीहरूलाई नमन गर्नुभयो। उहाँले भन्नुभयो, अपरेशन सिन्दूर देशको सशस्त्र बलको वीरता र सटीक प्रहारको एक शक्तिशाली प्रमाण हो। उहाँले भन्नुभयो, सरकारले सशस्त्र बललाई रणनीति बनाउन, लक्ष्य निर्धारण गर्न र सही समयमा निर्णय लिन स्वतन्त्रता दिएको छ। श्री मोदीले अपरेशन सिन्दूर देशवासीको क्रोधको अभिव्यक्ति हो भन्नुभयो। भारतले रगत र पानी एकसाथ बग्ने छैन भन्ने निर्णय गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, भारतले अब आणविक ब्ल्याकमेल सहन गर्दैन।

## PM Nuclear Warning

प्रधानमन्त्रीले आत्मनिर्भर भारतलाई विकसित भारतको लागि प्रमुख आधारभूत स्तम्भहरू मध्ये एकको रूपमा वर्णन गर्नुभयो। उहाँले रक्षा, प्रविधि, ऊर्जा, अन्तरिक्ष र निर्माणको क्षेत्रमा भारतको प्रगतिको उल्लेख गर्नुभयो। उहाँले अपरेशन सिन्दूरलाई भारतको रक्षा आत्मनिर्भरताको प्रदर्शनको रूपमा प्रशंसा गर्नुभयो। प्रधानमन्त्रीले देशका युवाहरूका लागि लगभग एक लाख करोड रुपैयाँ स्वीकृत गर्दै प्रधानमन्त्री विकासित भारत रोजगार योजनाको घोषणा गर्नुभयो। यस योजना अन्तर्गत, सरकारले निजी क्षेत्रमा नयाँ रोजगारी पाएका युवाहरूलाई एक महिनाको EPF तलब प्रोत्साहनको रूपमा लगभग १५ हजार रुपैयाँ दिनेछ। यस बाहेक, नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्न रोजगारदाताहरूलाई प्रत्योक नयाँ कर्मचारीलाई प्रति महिना ३००० रुपैयाँसम्म प्रदान गरिनेछ।

## PM Rojgar Yojna

प्रधानमन्त्रीले यस दीपावलीसम्ममा GST सुधार लागू गर्ने घोषणा गर्नुभयो। यसले दैनिक उपभोग्य वस्तुहरूमा कर घटाउने लक्ष्य राखेको छ। उहाँले भन्नुभयो, यो सुधारले आम मानिस, किसान, मध्यम वर्ग र सूक्ष्म, साना तथा मझौला उद्यमहरूलाई राहत दिनेछ। यसले आर्थिक गतिविधिलाई बढावा दिनेछ।

## PM GST

प्रधानमन्त्रीले भारतमा निर्मित अर्धचालक चिप्स यस वर्षको अन्त्यसम्ममा प्रस्तुत गरिने बताउनुभयो। अन्तरिक्ष क्षेत्रको सन्दर्भमा श्री मोदीले भन्नुभयो, भारत गगनयानको लागि तयारी गरिरहेको छ। प्रधानमन्त्रीले विगत सय वर्षदेखि राष्ट्रको सेवा गर्दै आएका राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का स्वयंसेवकहरूको समर्पणलाई नमन गर्नुभयो। प्रधानमन्त्रीले यस अवसरमा आमन्त्रित विशेष अतिथिहरू र स्कूलका विद्यार्थीहरूसँग पनि अन्तरक्रिया गर्नुभएको थियो। यसअघि, लाल किल्ला पुग्नुअघि, श्री मोदीले राजघाटमा राष्ट्रपिता महात्मा गान्धीलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो। यस स्वतन्त्रता दिवस समारोहमा विशेष ओलम्पिक २०२५ का खेलाडीहरू, खेलो इन्डिया पारा खेलका स्वर्ण पदक विजेताहरू, उत्कृष्ट किसानहरू, सरपंचहरू र प्रधानमन्त्री आवास योजना ग्रामीण र लखपति दिदी जस्ता सरकारी योजनाहरूका महिला लाभार्थीहरू सहित लगभग पाँच हजार विशेष पाहुनाहरू उपस्थित थिए। यस बाहेक, विभिन्न राज्यका परम्परागत पोशाकमा सजिएका एक हजार पाँच सय मानिसहरूले यस भव्य समारोहमा भाग लिएका थिए। साथै, जनतामा देशभक्तिको भावना जगाउन र अपरेशन सिन्दूरको

विजय उत्सव मनाउन, आज साँझ पहिलो पटक देशभर धेरै ब्यान्डहरूले प्रस्तुति दिनेछन्, जसमा सेना, नौसेना, वायुसेना र अर्धसैनिक बलका ब्यान्डहरू समावेश हुनेछन्।

Indepedence Day Celebration

देशका विभिन्न भागहरूमा र विदेशमा पनि स्वतन्त्रता दिवस मनाएका समाचारहरू धमाधम प्राप्त भइरहेका छन्। विभिन्न देशहरूमा अवस्थित भारतीय दूतावासहरूले यो महत्त्वपूर्ण अवसरलाई देशभक्तिको उत्साहका साथ मनाइरहेका छन्। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले स्वतन्त्रता दिवसको अवसरमा भारतका जनतालाई शुभकामना दिनुभएको छ। उहाँले भारत र अमेरिकाबीचको सम्बन्धलाई महत्त्वपूर्ण र दूरगामी भन्दै वर्णन गर्नुभयो। चीनका लागि भारतका राजदूत प्रदीप कुमार रावतले बेइजिङस्थित भारतीय दूतावासमा राष्ट्रिय झण्डा फहराउनुभयो। जापानको टोकियोस्थित भारतीय दूतावासले स्वतन्त्रता दिवसको शुभकामना व्यक्त गरेको छ। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले प्रधानमन्त्री नरेन्द्र मोदी र भारतका जनतालाई देशको ७९ औं स्वतन्त्रता दिवसको शुभकामना दिनुभएको छ। आफ्नो सन्देशमा श्री म्याक्रोनले दुई देशहरू बीचको रणनीतिक साझेदारी २०४७ र त्यसपछि पनि अझ गहिरो हुँदै जाने आशा व्यक्त गर्नुभयो।

त्यसैगरि रियादस्थित भारतीय दूतावासले भारतको ७९ औं स्वतन्त्रता दिवस भव्य समारोहका साथ मनायो। समारोहमा भारतीय समुदायका सदस्यहरू, दूतावासका अधिकारीहरू, मिडिया प्रतिनिधिहरू  लगायत लगभग १,००० पाहुनाहरूको उपस्थिति रहेको थियो।

Shivraj - Farmers

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले देशका किसानहरूको विरुद्धमा जाने कुनै पनि सम्झौता अन्य देशहरूसँग गरिने छैन भन्नुभएको छ। आज नयाँ दिल्लीमा देशका किसानहरूसँगको कुराकानीमा श्री चौहानले कुनै पनि सम्झौता पारस्परिक रूपमा स्वीकार्य सर्तहरूमा मात्र गरिनुपर्ने बताउनुभयो। उहाँले देश र देशका किसानहरूको कल्याण सर्वोपरि रहेको उल्लेख गर्नुभयो।

J & K Flood

जम्मू कश्मीरको किश्तवार जिल्लाको एक दुर्गम गाउँमा हिजो एकाएक बादल फाटेर आएको बाढीमा परी दुई सीआईएसएफ जवान र मचैल माता मन्दिरका तीर्थयात्रीहरू सहित कम्तिमा ४५ जनाको मृत्यु भएको छ। अहिलेसम्म १२० भन्दा बढीलाई उद्धार गरिएको छ। राहत र उद्धार कार्य जारी छ। प्रधानमन्त्री नरेन्द्र मोदीले जम्मू कश्मीरका मुख्यमन्त्री उमर अब्दुल्लाह र उपराज्यपाल मनोज सिन्हासँग यस सन्दर्भमा संवाद गर्नुभएको छ।

प्रमुख समाचार पुन: एकपटक

- देशभर आज ७९औं स्वतन्त्रता दिवस भव्य रूपमा पालन
- प्रधानमन्त्री नरेन्द्र मोदीले आत्मनिर्भर भारतका लागि धेरै कार्यक्रमहरूको गर्नुभयो घोषणा
- आणविक खतराहरू सहन नगर्ने प्रधानमन्त्रीको चेतावनी
- विदेशमा रहेका भारतीय दूतावासहरूमा पनि उत्साहका साथ स्वतन्त्रता दिवस पालन
- अनि किश्तवारमा बादल फाटेर आएको बाढीमा परी अहिलेसम्म ४५ जनाको मृत्यु, राहत र उद्धार कार्य जारी